# २. श्री सूर्यबहादुर शाक्य

*[संवत् २०३० सालको 'मदन पुरस्कार' 'लिच्छविकालका अभिलेख' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री धनवज्र वज्राचार्यलाई समर्पण गर्न संवत् २०३१ साल कार्तिक ३ गते रोज ७ का दिन आयोजित समारोहमा त्रिभुवन विश्वविद्यालयका तत्कालीन उपकुलपति श्री सूर्यवहादुर शाक्यले दिनुभएको प्रवचन। यो प्रवचन 'नेपाली' त्रैमासिक अङ्क ६२ बाट उद्धृत गरिएको हो।]*

सम्माननीया श्री रानी जगदम्बा तथा उपस्थित विद्वद्वर्ग एवं इतिहासप्रेमी सज्जनवृन्द !

नेपाली इतिहासको सामग्रीलाई संवत् २०३० सालको दर्शन/विज्ञानको मदन पुरस्कार प्रदान गर्ने यो समारोह श्री रानी जगदम्बाको अति प्रशंसनीय उदारताको महनीय पक्षको रूपमा मनाइँदै छ। यस पवित्र समारोहमा उपस्थित विद्वान्‌हरूको तर्फबाट मलाई केही बोल्ने मौका दिनुभएकोमा म श्री रानी जगदम्बा तथा गुठीका आयोजकहरूप्रति आभार व्यक्त गर्न चाहन्छु।

राष्ट्रिय गौरवको उन्नत गरिमालाई सदैव प्रज्वल पारिरहने तत्त्वहरूमध्ये देशको सांस्कृतिक वा साहित्यिक इतिहास नै वरिष्ठ आधार हो। यस आधारको अभावमा कुनै पनि देशको सभ्यता कालान्तरमा लुप्त भएर यदाकदा किंवदन्तीको रूपमा मात्र रहने हुन्छ। यस दृष्टिकोणले विचार गर्दा कुनै पनि राष्ट्रको सांस्कृतिक वा साहित्यिक जीवनलाई अहर्निश जीवन्त पार्नको लागि ऐतिहासिक तत्त्वको अनिवार्यताको साथै त्यसको अनुशीलनको अत्यधिक आवश्यकता पर्दछ। हाम्रो देशमा प्रजातन्त्रको अरुणोदय हुनुभन्दा पहिले साहित्यिक इतिहासको पूर्णतः अभाव नभए तापनि अनुशीलनात्मक साहित्यिक इतिहासको खाँचो भने विद्यमान थियो नै। यस खाँचोलाई सुनियोजित ढंगबाट क्रमिक रूपले पूर्ण गर्दै जाने दिशामा निश्चय पनि यो गुठी अग्रगण्य सूत्रधार हो। विशेषतः राष्ट्रका कन्दराकन्दरामा छरिएर वा लुकेर रहेका राष्ट्रिय साहित्य, दर्शन एवं विज्ञानपरक प्रतिभालाई प्रोत्कृष्ट दिशातिर अग्रसर पार्न अविरल उत्साह र प्रेरणा प्रदान गरेर यस संस्थाले ती प्रतिभाहरूको आवृत प्रकाशलाई प्रकट रूपमा मात्र

ल्याएको छैन अपितु साहित्यिक एवं भाषिक इतिहासको प्रामाणिक पक्षलाई बलियो पारेर राष्ट्रिय सभ्यतामा अमरत्वको सिर्जनासमेत गर्न प्रयासशील छ ।

आजको यस समारोहमा मुख्यतया इतिहाससित सम्बन्धित हुनाले अब म इतिहासबारे आफ्नो विचार व्यक्त गर्दछु ।

इतिहास अतीतको एउटा रोमाञ्चकारी कहानी मात्र नभएर यो देशको सामाजिक सांस्कृतिक राजनैतिक तथा आर्थिक प्रवाहको रूपमा प्राप्त हुन आएको गौरवमय राष्ट्रिय परम्पराको अक्षुण्ण रूप हो । अतः राष्ट्रिय जीवन र राष्ट्रिय आकांक्षाको मार्ग दर्शनमा महत्त्व पथ-प्रदर्शन गर्न सक्ने दृष्टिकोणले यसको अध्ययन हुन सकेमा हाम्रा पूर्वजहरूले अमूल्य सम्पत्तिको रूपमा छाडेर गएका ऐतिहासिक तथा सांस्कृतिक अवशेषहरूको व्यापक अन्वेषण अनुसन्धानद्वारा निष्पक्ष इतिहासको सृष्टि भई राष्ट्रिय माग पूर्ण हुने कुरामा विश्वास लिन सकिन्छ । हुन त नेपाली इतिहासबारे ग्रन्थ तयार पार्न थालिएको २/३ दशकभन्दा बढी नभएको हाम्रो देशमा, नेलालसँगको सम्पर्कमा आएका विदेशी विद्वान्हरूले आफू यहाँ रहँदा देखेका, सुनेका र हात परेका सीमित सामग्रीको आधारमा अडकलको अर्थ लगाई नेपालको इतिहास नलेखेका त होइनन् तर शुद्ध नेपाली इतिहास लेख्ने क्रममा नेपाली संस्कृति, समाज र राष्ट्रिय परम्परालाई राम्ररी बुझेका र त्यसैको परिप्रेक्ष्यमा ती सामग्रीहरूको अझ व्यापक अनुशीलन गरी निस्पक्ष व्याख्या गर्न सक्ने योग्य नेपालीद्वारा मात्र नेपालको इतिहासलाई सही ढङ्गले प्रकाशमा ल्याउन सकिन्छ भन्ने मेरो धारणा छ ।

नेपाली इतिहास तयार पार्दा मुख्य आधारको रूपमा चाहिने अभिलेख, चिठीपत्र, सुवर्णपत्र, ताम्रपत्र, शिलापत्र, कागजपत्र, भूर्जपत्र, ताडपत्र आदि देशभित्र यत्रतत्र छरिएर रहेका वस्तुहरूको राष्ट्रिय संरक्षण हुनुपर्ने कुरा अत्यावश्यक देखिन्छ । व्यक्तिगत सङ्कलन र सरकारी कार्यालयमा रहेका इतिहासलाई प्रकाश पार्ने पुराना कागजहरूलाई संस्थागत गराउनको निमित्त मेरो विचारमा तत्कालै कदम उठाइनु जरुरी भैसकेको छ । नेपाली इतिहासबारे जन-रूचिको अभाव, शोधखोज गर्न चाहनेहरूप्रति सन्देहात्मक दृष्टि अपनाइनु तथा अज्ञानतावश पुराना कागजपत्रहरू त्यसै मिल्काइनु आदि कुराहरू इतिहासको अनुसन्धानमा प्रमुख बाधा हुन् । यसमा र अनुसन्धानलाई सघाउ पुऱ्याउने अन्य कार्यक्रमलाई उत्तरोत्तर प्रभावकारी बनाउँदै लैजान सम्माननीया रानी जगदम्बाको सत्प्रेरणाबाट स्थापित यस गुठीले निश्चय पनि आफ्नो प्रयास जारी नै राख्नेछ ।

आज रानी जगदम्बाबाट अभिलेखसम्बन्धी महत्त्वपूर्ण ग्रन्थलाई पुरस्कृत गरेर राष्ट्रिय इतिहास तयार गर्ने अभियानमा लागेका समस्त विद्वद्समाजप्रति ठूलो सम्मान प्रदर्शित गरिएको छ भन्नुमा कुनै अत्युक्ति होओइन भन्ने मलाई लागेको

छ। यस पुनीत कार्यबाट देशको इतिहासमा शोध गर्ने समस्त विद्वद्समाजमा नयाँ जागृति र नवीन प्रेरणा आउने आश गर्न सकिन्छ।

अन्त्यमा सम्माननीया श्री रानी जगदम्बा तथा गुठीका अन्य सम्माननीय विद्वान्हरूबाट राष्ट्रिय जीवनमा प्रकाश पार्ने विभिन्न विषयका रचनालाई यस्तै पुरस्कारद्वारा सम्मानित पार्ने पवित्र भावना शाश्वत रहिरहोस् भन्ने अखण्ड कामना गर्दछु। र पुरस्कृत हुनुभएका विद्वान् लेखक श्री धनवज्र वज्राचार्यबाट भविष्यमा पनि राष्ट्रिय आकाङ्क्षालाई मूर्त रूप दिने यस्तै खालका ग्रन्थ पाएर देश लाभान्वित हुनेछ भन्ने आशा गर्दै उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछु।

जय देश, जय नरेश !

☒ ☒ ☒